नेपाल सरकार
# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

पत्र संख्या:-
चलानी नं.:-

सिंहदरबार, काठमाडौं
नेपाल ।

## प्रेस विज्ञप्ती

विगत केही समय देखि आफ्ना विभिन्न मागहरु राखी विभिन्न क्षेत्रका रोष्टरमा रही दक्षिण कोरिया जान प्रतिक्षामा रहेका तथा रोष्टर अवधि समाप्त भएका व्यक्तिहरुले EPS कार्यालय तथा CBT/UBT हल, भैंसैपाटी अगाडि धर्ना, जुलुस, आन्दोलन जस्ता कार्यहरु गरिरहेको सन्दर्भमा नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, निजहरुका मागहरु प्रति गम्भीर एवं सम्वेदनशील रहेको छ। यसै सन्दर्भमा नेपाल सरकारका तर्फबाट उक्त समस्याहरु समाधानका लागि निम्नानुसारका पहल एवं प्रगति भइरहेको व्यहोरा जानकारीको लागि अनुरोध छ।

१. मागकर्ताहरुले राखेका मागका बिषयमा वार्ता समिति समेत गठन गरी ई.पि.एस. कोरिया शाखाले नियमितजसो मन्त्रालय, विभाग, EPS Center-Nepal (HRD Korea Nepal), मागरत पक्ष, नेपाली राजदुतावास, सिओल र कोरियाको HRD Service of Korea, (मानव संसाधन विकास केन्द्र) संग अनलाइन मार्फत समस्या सामाधानको पहलका लागि निरन्तर पत्राचार, बैठक, संवाद एवं छलफल गरिरहेको छ।

२. मागकर्ताले राखेका विभिन्न मागहरु जस्तैः रोष्टर अवधी थप, रोष्टरमा भएको ९०% पासरहरुको रोजगारी सुनिश्चितता, First Come First Serve अनुसार Issue को प्रवन्ध मिलाउने, रोष्टरमा रहेकालाई प्रथम प्राथमिकता दिनुपर्ने, Sector परिवर्तन गराउनु पर्ने र हरेक पासरहरुको कम्तिमा २० देखि २५ पटक सम्म रोजगारदाताको मागसँग Profile Matching को सुनिश्चितता हुनुपर्ने लगायतका मागहरुका बारेमा मिति २०८२।०९।१८ गते मागकर्ताका प्रतिनिधिहरुसँग मन्त्रालयमा भएको सहमती/निर्णय अनुरुप मन्त्रालयले दक्षिण कोरिया सरकारसँग कुटनितिक पहलका लागि पत्राचार गरी वार्ताको विषयबस्तु समेत निर्धारण भईसकेको र कोरियन पक्षबाट आमन्त्रण सहितको जानकारी आए लगत्तै एक उच्च स्तरीय टोली दीर्घकालीन रुपमा समस्या समाधानार्थ छिट्टै दक्षिण कोरिया प्रस्थान गर्ने कार्यक्रम रहेको।

३. मन्त्रालयबाट समस्या सामाधानका लागि गठित छानबिन समितिले बुझाएको प्रतिवेदनमा औंल्याइएका सुझावहरु सम्बन्धित निकायबाट क्रमशः कार्यान्वयनमा गईरहेको।

४. यसै सन्दर्भमा मागकर्ताले उठाएका विषयवस्तु तथा समस्या समाधानको सम्बोधनका लागि नेपाली राजदुतावास, सिओल र कोरियाको रोजगार तथा श्रम मन्त्रालय बीच भएको बैठकमा छलफल भएको र सोही विषय HRD Korea को प्राप्त पत्र र प्रेस विज्ञप्ति मार्फत यो प्रणाली लागु भएका विश्वका सबै मुलुकहरुमा एकरुपतापूर्वक लागु भएकोले नेपालको लागि मात्र नियम परिवर्तन गरी हाललाई रोष्टर अवधि थप गर्न नसकिने, Sector परिवर्तन गर्न नसकिने भनी जानकारी प्राप्त भएको साथै कोरियाद्वारा संचालित उक्त परीक्षा प्रणाली पारदर्शी एवं विश्वसनीय रहेको, कुनै पनि व्यक्ति, कर्मचारी वा निकायले आफूले चाहे अनुरुप Job Matching (फाईल पठाउने) गर्न नसकिने गरी स्वचालित अनलाईन प्रणाली रहेको हुँदा यस प्रणालीप्रति कुनै शंका नगर्न नगराउन पुनःस्मरण गराएको छ।

क्रमशः..........

टेलिफोन नं.:- ०१-४२११९६३, ४२००४७६, ४२११६७८, ४२११७९१, फ्याक्स नं.:- +९७७-०१-४२११८७७,
टोल फ्रि नं.:- १६६००१५०००५, श्रमाधान कल सेन्टर फोन:- ११४१, ईमेल:- admin@moless.gov.np/info@moless.gov.np, वेब साईट:- www.moless.gov.np

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
चलानी नं.:-

५. नेपाल सरकारले मागकर्ताको माग सम्बोधनका सम्बन्धमा मित्र राष्ट्र कोरिया सरकारका सम्बन्धित निकायसँग छलफल भैरहेको अवस्थामा र मित्र राष्ट्र कोरियासँगको सम्झौता र नीति अनुसार नै हुने हुँदा यो तथ्य मागकर्ताहरुलाई अवगत नै छ। तसर्थ, मन्त्रालयबाट यस विषयमा समस्या समाधानको पहल भैरहेकोले मित्रराष्ट्र दक्षिण कोरियासँगको सुमधुर सम्बन्धमा प्रतिकूल असर पर्न सक्ने साथै भविष्यमा नेपाली श्रमिकको रोजगारीमा नकारात्मक असर पर्न सक्ने भएको हुँदा अनावश्यक दवाव सिर्जना लगायतका गतिबिधि नगर्न नगराउनु हुन सम्बद्ध सबैमा मन्त्रालय हार्दिक अनुरोध गर्दछ।

मितिः- २०८२/१०/१८
ने.सं.-११४६, सिल्लाथ्व

पिताम्बर घिमिरे
सहसचिव/प्रवक्ता

टेलिफोन नं.:- ०१-४२११९६३, ४२००४७६, ४२११६७८, ४२११७९१, फ्याक्स नं.:- +९७७-०१-४२११८७७,
टोल फ्रि नं.:- १६६००१५०००५, श्रमाधान कल सेन्टर फोन:- ११४१, ईमेल:- admin@moless.gov.np/info@moless.gov.np, वेब साईट:- www.moless.gov.np